आज मिति २०८२ फागुन १५ गते शुक्रबारका दिन यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा ज्यूको** अध्यक्षतामा बसेको कार्यपालिका बैठकको उपस्थिति र निर्णयहरु तपसिल बमोजिम रहयो ।

तपसिल

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री लक्ष्मण गौली | इन्जिनियर सातौं | |
| १६ | श्री खडक बोहोरा | प्रशासन सहायक | |
| १७ | श्री बिबेक देवकोटा | प्रशासन सहायक | |

नार्पा भूमि गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दयाङ, मनाङ गण्डकी प्रदेश, नेपाल २०७३

**प्रस्तावहरू**

१. Design and cost estimate of Tashilakang Gumba construction को परामर्श सेवा खरिद सम्बन्धमा।

२. करार सेवामा अ.हे.ब. भर्ना गर्ने सम्बन्धमा।

३. फोहोरमैला व्यवस्थापन सम्बन्धमा।

४. कार्यालय सहयोगी करार सेवामा भर्ना गर्ने सम्बन्धमा।

५. मर्स्याङ्दी खोला पुल(५२मि.) निर्माणको संक्षिप्त वातावरणीय अध्ययन बापतको भुक्तानी सम्बन्धमा।

६. नार्पा भुमी गाउँपालिकाको जग्गा एकीकरण तथा बस्ती बिकास कार्यक्रम कार्यविधी २०७७ को दोस्रो संशोधन सम्बन्धमा।

७. नौलो घुम्तिको सम्झौता नविकरण सम्बन्धमा।

**निर्णयहरु**

१. प्रश्ताव नं १ माथि छलफल गर्दा टासिलाङ गुम्बा मर्मत तथा मर्मत योजना को लागि Design and cost estimate कार्यालयमा मौजुदा रहेका प्राविधिक कर्मचारीहरुमा गुम्बा सम्बन्धी विशेष ज्ञानको कमीले गर्दा परामर्श सेवा नियमानुसार खरिद गर्ने निर्णय गरियो।

२. प्रश्ताव नं २ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा उद्घाटन गरिएको वार्ड नं २ र ४ को स्वास्थ्य चौकीको लागी आवश्यक स्वास्थ्यकर्मी ३ जना अ.हे.व. १ वर्ष करार सेवामा भर्ना गर्ने निर्णय गरियो।

३. प्रश्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिका क्षेत्र सरसफाई गर्नको लागि सम्बन्धित वडाका प्राविधिक र वडा अध्यक्ष सहितको टोलीले स्थलगत अवलोकन गरी लागत र कार्ययोजना पेश गर्ने निर्णय गरियो।

४. प्रश्ताव नं ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा उद्घाटन गरिएको वार्ड नं २ र ४ को स्वास्थ्य चौकी तथा वडा कार्यालय सञ्चालनको लागी आवश्यक २ जना का.स. १ वर्ष करार सेवामा भर्ना गर्ने निर्णय गरियो।

५. प्रश्ताव नं ५ माथि छलफल गर्दा मर्स्याङ्दी खोला पुल(५२मि.) निर्माणको संक्षिप्त वातावरणीय अध्ययन गर्ने Sakshan Engineering Solution Pvt.Ltd लाई सम्झौता बमोजिमको रु ४७८०६१।६४ भुक्तानी गर्ने निर्णय गरियो।

६. प्रश्ताव नं ६ माथि छलफल गर्दा नार्पा भुमी गाउँपालिकाको जग्गा एकीकरण तथा बस्ती बिकास कार्यक्रम कार्यविधी २०७७ को दोस्रो संशोधन पारित गर्ने निर्णय गरियो।

७. प्रश्ताव नं ७ माथि छलफल गर्दा यस पालिका क्षेत्रभित्र झोलुङ्गे पुल निर्माणमा प्राविधिक सहजकर्ताको रुपमा रहेको नौलो घुम्ति संस्था र यस पालिका बिच भएको सम्झौता उक्त पुल निर्माण सम्पन्नमा ढिलाइ भएकोले सो सम्झौता अवधि थप ३ वर्ष थप गर्ने निर्णय गरियो।